# खजुरा गाउँपालिका
Khajura Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive

बागेश्वरी,बाँकेलुम्बिनी प्रदेश सरकार,नेपाल — Bageshwori,BankeLumbini Province Government,Nepal

प.सं. (Ref.No):-२०८१/८२(कृषि शाखा) — मिति(Date):-२०८१/०६/०२गते

च.नं.(Des.No):-

**प्रथम पटक प्रकाशित मिति:२०८१/०६/०२**

यस खजुरा गाँउपालिका कृषि शाखाको आ.ब २०८१/०८२ मा सञ्चालन गरिने बालि प्रतियोगिता कार्यक्रम अन्तर्गत धान बालि प्रतियोगिता खुलेको हुदा उक्त प्रतियोगितामा सहभागि हुन ईच्छुक कृषकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन (मितीः २०८१/०६/१६) गते भित्र देहाय अनुसार को कागजातहरु सहितको निवेदन यस गाँउपालिकाको कृषि शाखामा पेश गर्नुहुन यो सुचना प्रकाशन गरीएको छ।

तपशिल

| क्रस. | बाली | प्रथम पुरस्कार (जना १) | द्बितिय पुरस्कार (जना१) | तृतिय पुरस्कार (जना१) | सानत्वना पुरस्कार (जना१) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | धान | १०००० | ७००० | ५००० | ३००० | |

- निबेदन पेश गर्दा तोकिए बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।
- वडा कार्यालयको सिफारिस।
- निबेदकले नागरिकता र लालपुर्जाको १-१ प्रति प्रतिलिपि पेश गर्नु पर्नेछ।

सर्तहरुः

- अनिवार्य रुपमा कृषकहरुले सुचना प्रकाशित भएको १५ दिन भित्र यस कृषि शाखामा आफ्नो नाम दर्ता गर्नु पर्ने।
- धान बालि प्रतियोगितामा भाग लिने कृषकले अनिवार्य रुपमा कम्तिमा धान १० कठ्ठा लगाएको हुनु पर्नेछ।
- धान बालि प्रतियोगितामा भाग लिने कृषकले उन्नत जातको बिउ लगाएको हुनु पर्नेछ अन्यथा यो प्रतियोगितामा भाग लिन पाईने छैन।
- कम्तिमा ७ दिन अगावै यस कार्यलयको कृषि प्राविधिक सँग बाली काट्ने दिन निश्चित गर्नु पर्ने।
- यस कार्यालयको कृषि प्राबिधिकले नमुनाको लागि छनोट गरेको जग्गाबाट मात्र बाली काट्न, चुट्न पाईने छ।
- कृषि प्राविधिकको अनुमति बिना तोकिएको समय बाहेक अरु समयमा बाली काट्न पाइने छैन।
- माथि उल्लेख गरेको नियमलाइ खण्डन गरेको पाइएमा प्रतियोगिता रद्द हुनेछ।
- म्याद नागि आएको निवेदनलाई प्रतियोगितामा समावेश गरिने छैन।

०८१/३/१२
बम बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

"हामी आफैं बनाउँ हाम्रो खजुरा,आत्मनिर्भर र समृद्ध खजुरा"

वेबसाइट/Website:www.khajuramun.gov.np,इमेल/E-mail:- info@khajuramun.gov.np, khajura666@gmail.com
फोननं/Phone No.:-081-560187

श्री खजुरा गाँउपालिका, कृषि शाखा

खजुरा, बाँके

खजुरा गाँउपालिका कृषि शाखाको लागि प्रतियोगिताको नियम अनुसार यहि सालको बढी अन्न उत्पादन प्रतियोगितामा भाग लिन ईच्छुक भएको हुँदा मेरो नाम दर्ता गरी पाउन अनुरोध गर्दछु। प्रतियोगिताको लागि मैले लगाएको बाली कटानी गर्नु भन्दा कम्तिमा ७ दिन अगावै मेरो गाँउपालिकामा काम गर्नुहुने प्रा.स/ ना.प्रा.स सँग बाली काट्ने दिन निश्चित गरी प्रतियोगिताको नियममा उल्लेख भए बमोजिम निम्नानुसार महानुभावहरुको सामुन्ने नमुनाको लागि छनिएको जग्गाबाट बाली काटी, चुटी हुन आएको उब्जनीको परिमाण दिन मेरो मन्जुरी भएको र खजुरा गाँउपालिका कार्यलय वा सम्बन्धित प्रा.स/ना.प्रा.स को अनुमति विना अगावै बाली नकाट्न समेत मन्जुरी छु। यदि काटेमा प्रतिद्वन्दिता रद्द भए पनि मन्जुरी भएकोले उक्त प्रतियोगितामा भाग लिन पाउन अनुरोध गर्दछु।

निवेदकको सहि

मिति :

फोन नः

कृषकको नामः

गा.पा.

वडा नः गाउँको नामः

**प्रतियोगितामा लगाउने बिउको बिबरण**

नाम

जात

परिमाण

विउको श्रोत

बाली लगाएको ठाउँको नाम